# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ४२१०८०

मिति: २०८०/११/१७

**नागरिकलाई स्वतन्त्ररुपमा हिँड्न पाउने अधिकारमाथि लगाइएको रोकप्रति खेद**

नेपाल सरकारले शान्ति सुरक्षाको बहानामा आम नागरिकलाई निर्वाध रुपमा सडक पेटी, फुटपाथमा सुरक्षित रुपमा हिँड्नलाई रोक लगाई बाधा पुऱ्याएको प्रति यस संगठनको गम्भिर ध्यानाकर्षण भएको छ ।

फुटपाथमा तारबार र डोरी लगाई अवरोध सिर्जना गरेका कारण सर्वसाधरण, विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, महिला, बालबालिका लगायत, कालोपत्रे मूल सडकमा असुरक्षित यात्रा गर्न बाध्य भएका छन् ।

नेपाल राष्ट्र, मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सन्धि, महासन्धिको पक्षराष्ट्र भई नागरिकका मानव अधिकार तथा मौलिक हकअधिकारको निसर्त सम्मान गर्ने कबुल गरेको राष्ट्र भएको स्मरण गराउँदै नेपालको संविधान, प्रचलित नेपालको कानून, राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको सम्मान गर्न यो संगठन नेपाल सरकारलाई सचेत गराउँदछ ।

यसर्थः सरकारले तोकेको निषेधाज्ञाले सार्वजनिक थलोमा सर्वसाधरण नागरिकले शान्तिपूर्ण रुपमा भेला हुने, आफ्ना विचार, अभिव्यक्ति राख्ने नागरिक आवाजमाथि अंकुश तथा लोकतन्त्रमा आम नागरिक स्वतन्त्र र निर्वाध रुपमा निर्धक्क भएर आफ्ना अधिकारको प्रयोग गर्न पाउनु पर्नेमा सर्वसाधरण नागरिकलाई आवतजावतमा समेत असर पारी सडक पेटीमा आवतजावत तथा निश्चित स्थानमा भेला हुन रोक लगाउने गरी जारी भएको निषेधाज्ञा तत्काल हटाई राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, नेपालको संविधान तथा लोकतन्त्रको सम्मान गर्दै आम नागरिकको मानव अधिकार एवं मौलिक हकहरुको सुनिश्चितता गर्न यो संगठन नेपाल सरकार समक्ष जोडदार अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष